# नेपाल कृषि महासंघको विधान
# २०६७

नेपाल कृषि महासंघ
पूल्चोक, ललितपुर, नेपाल ।

# नेपाल कृषि महासंघको विधान, २०६७

प्रस्तावना : देशको समग्र कृषि विकासको मूलप्रवाहमा निरपेक्ष गरिवीको रेखामुनी रहेका कृषक एवं व्यवसायिक कृषकहरुको पुनरुत्थान गर्ने उद्देश्यले अभिप्रेरित भई कृषिस्नातक तथा कृषिकर्मीहरुको पेशागत हकहित र समुन्नतीहेतु निजहरुलाई सुसंगठित गराउनका लागि, कृषि पेशालाई समयानुकूल, आधुनिक एवं वैज्ञानिक ढंगबाट विकास गर्ने पुनीत उद्देश्यअनुरुप कृषिक्षेत्र अन्तर्गत आ-आफ्नो पेशासँग सम्बन्धित संस्थाहरुको गैरसरकारीस्तरमा छाता संगठनकोरुपमा नेपाल कृषि महासंघको स्थापना र संचालन गर्नु वाञ्छनीय भएकोले संस्था दर्ता ऐन, २०३४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल कृषि महासंघको साधारणसभाले बनाएको यो विधान जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस विधानको नाम “नेपाल कृषि महासंघको विधान, २०६७” रहेको छ ।

(२) यो विधान जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) “विधान” भन्नाले नेपाल कृषि महासंघको विधान, २०६७ सम्झनुपर्छ ।

(ख) “महासंघ” भन्नाले नेपाल कृषि महासंघ सम्झनु पर्छ ।

(ग) “संस्था” भन्नाले महासंघ अन्तर्गतका संस्थाहरु सम्झनुपर्छ ।

(घ) “समिति” भन्नाले दफा १५ बमोजिम गठित कार्य समिति सम्झनुपर्छ ।

(ङ) “सभा” भन्नाले विधानबमोजिम बसेको साधारणसभा सम्झनुपर्छ र सो शब्दले विशेष साधारणसभालाई समेत जनाउँछ ।

(च) “पदाधिकारी” भन्नाले महासंघका (कार्य समितिका) पदाधिकारी सम्झनुपर्छ ।

(छ) “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनुपर्छ ।

(ज) “आर्थिक वर्ष” भन्नाले कुनै वर्षको श्रावण महिनादेखि आषाढ मसान्तसम्मको अवधिलाई सम्झनुपर्छ ।

(झ) “कोष” भन्नाले महासंघको कोष सम्झनुपर्छ ।

(ञ) “विनियम” भन्नाले विधान अन्तर्गत बनेको विनियम सम्झनुपर्छ ।

## परिच्छेद -२

## नेपाल कृषि महासंघको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. **नेपाल कृषि महासंघको स्थापना** :

(१) देशको समग्र कृषि विकासको मूलप्रवाहमा निरपेक्ष गरिवीको रेखामुनी रहेका कृषक एवं व्यवसायिक कृषिकहरुको पुनरुत्थान गर्ने उद्देश्यले अभिप्रेरित भई कृषिस्नातक तथा कृषिकर्मीहरुको पेशागत हकहित र समुन्नतीहेतु निजहरुलाई सुसंगठित गराउनका लागि, कृषि पेशालाई समयानुकूल, आधुनिक एवं वैज्ञानिक ढंगबाट विकास गर्ने पुनीत उद्देश्यअनुरुप कृषि क्षेत्र अन्तर्गत आ-आफ्नो पेशासँग सम्बन्धित संस्थाहरुको गैरसरकारीस्तरमा छाता संगठनकोरुपमा नेपाल कृषि महासंघको स्थापना गरिएको छ, जसलाई अंग्रेजी भाषामा “नेपाल एग्रिकल्चर फेडरेशन” र छोटकरीमा “एन.ए.एफ.” भनिनेछ ।

(२) महासंघको मुख्य कार्यालय काठमाडौं जिल्लामा र स्थानीय अधिकारीको स्वीकृति लिई आवश्यकता अनुसार शाखा कार्यालय अन्य स्थानमा रहनेछ ।

४. **महासंघको कार्यक्षेत्र** :

महासंघको कार्यक्षेत्र नेपाल राज्यभरी हुनेछ ।

५. **महासंघको अस्तित्व** :

महासंघ एक सेवाप्रवाही, गैर-राजनीतिक, गैरसरकारी तथा सामाजिक महासंघ हुनेछ ।

६. **महासंघको छाप र चिन्ह** :

अनुसूची -१ बमोजिमको ढाँचामा महासंघको एउटा छुट्टै छाप र चिन्ह हुनेछ ।

७. **महासंघको उद्देश्य** : महासंघको उद्देश्य देहायबमोजिम हुनेछ :-

(क) नेपालमा कृषिजन्य विषयमा अध्ययन, अनुसन्धान गर्ने,

(ख) कृषिजन्य विषयसँग सम्बन्धित विज्ञ र पेशाकर्मीहरुको पेशागत हकहित एवं सद्भाव, सहयोगको भावनामा अभिवृद्धि गर्ने,

(ग) कृषकहरुको आर्थिक विकासमा टेवा पुर्‍याउने,

(घ) देशभरका कृषकहरुका समस्या, कृषि विकासको अवस्था र सरकारी नीति नियमहरुको समयसमयमा सिंहावलोकन गरी नेपाल सरकारलाई सृजनात्मक सुझाव दिने,

(ङ) कृषि विकाससँग सम्बद्ध समान उद्देश्य भएका अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघसंस्थाहरुलाई सदस्यता प्रदान गर्ने र सदस्यता प्राप्त गरेका यस्ता संस्थाहरुसँग नियमित सम्पर्क कायम गरी, गराई आपसी समझदारी बढाउने, सहयोग जुटाउने, अनुभव तथा विचारहरुको आदानप्रदान गर्ने तथा गराउने,

(च) कृषिसम्बन्धी विभिन्न प्रकारका अनुसन्धानात्मक क्रियाकलाप तथा तालिम सञ्चालन गर्ने, गराउने,

(छ) कृषिसम्बन्धी रोजगारमूलक तालिम सञ्चालन गरी बेरोजगारहरुलाई रोजगारीको बाटो पहिल्याउन सहयोग गर्ने,

(ज) नेपाली कृषि उपजलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धि बनाउन आवश्यक सहयोग गर्ने,

(झ) गरिब, उत्पीडित र पिछडिएका वर्ग, जाति एवं समुदायको आर्थिक उत्थानको लागि आयमूलक कृषि कार्यक्रमहरु सञ्चालन गरी, गराई आत्मनिर्भर बनाउनेतर्फ जोड दिने,

(ञ) कृषक तथा कृषिविज्ञहरुको दक्षता अभिवृद्धिको लागि आवश्यक तालिम, प्रशिक्षण, गोष्ठी, कार्यशाला तथा प्रवचन कार्यक्रमको आयोजना गर्ने, गराउने,

(ट) दैवी विपत्ती तथा प्राकृतिक प्रकोपपीडित कृषक समुदायका लागि यथाशक्य सहयोग उपलब्ध गर्ने, गराउने तथा त्यस्तो सहयोगको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ठ) कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धिका लागि कृषकलाई आवश्यक आधुनिक वैज्ञानिक सेवा उपलब्ध गर्ने, गराउने,

(ड) वैज्ञानिक प्रणालीको सर्वाङ्गीण विकास गर्दै लगि पशुपालन, मत्स्यपालन, फलफूल तथा तरकारी खेती जस्ता विभिन्न कृषि पेशा (एग्रिकल्चरल प्रोफेशन) को स्तर बढाउन सहयोग गर्ने,

(ढ) कृषि क्षेत्रको बहुआयामिक कार्यक्रमहरुलाई एकीकृतरुपले अभियानको रुपमा अघि बढाउँदै लैजाने,

(ण) कृषि क्षेत्रमा प्रतिकूल असरहरुको प्रभाव न्यूनीकरण गर्न सचेतना कार्यक्रम संचालन गर्ने, गराउने ।

८. **<u>महासंघको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु</u> :**

दफा ७ बमोजिमको उद्देश्य प्राप्तिका लागि महासंघले देहायका कामहरु गर्नेछ :-

(क) आफ्ना उद्देश्यहरु कार्यान्वयनका लागि प्रचलित नेपाल कानूनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्ने,

(ख) महासंघलाई आवश्यक भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने,

(ग) आवश्यक कार्यालयसामान तथा सवारी साधनहरु खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(घ) महासंघलाई आवश्यक कर्मचारी तथा सहयोगीहरुको सेवाको शर्त, सुविधा तथा पारिश्रमिक सम्बन्धी शर्तहरु निर्धारण गरी त्यस्ता कर्मचारी तथा सहयोगीहरुको नियुक्ति गर्ने,

(ङ) महासंघमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने,

(च) अन्य आवश्यक कुराहरु गर्ने ।

## परिच्छेद -३

## सदस्यता

९. **सदस्यको वर्गीकरण** :

महासंघका सदस्यहरुको वर्गीकरण देहायबमोजिम हुनेछ :-

(क) **संस्थापक सदस्य** :

नेपाल कृषि महासंघ (संशोधन सहित) को विधान, २०६३ दर्ता हुनुपूर्व तत्कालीन नेपाल कृषि महासंघको तदर्थ कार्यकारी समितिका सबै सदस्यहरु यस महासंघका संस्थापक सदस्य हुनेछन्।

(ख) **संस्थागत सदस्य** :

प्रचलित कानूनबमोजिम कृषि क्षेत्रअन्तर्गत दर्ता भएका विषयगत संस्था (संघ, समिति, संगठन, एशोसिएन) को आ-आफ्नो विधानअनुरुप साधारण सदस्य भई त्यस्ता विषयगत संस्थाको कार्यकारी समितिबाट सिफारिश भएका पन्ध्रजना सदस्यहरु महासंघको संस्थागत सदस्य हुनेछन् ।

(ग) **मानार्थ सदस्य** :

महासंघले उपयुक्त ठह्र्याएको विशिष्ट समाजसेवी व्यक्ति तथा प्रतिष्ठित संघ संस्थालाई महासंघको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । तर मानार्थ सदस्यहरुको मताधिकार रहनेछैन ।

१०. **संस्थागत सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता** :

महासंघको संस्थागत सदस्यता प्राप्तिको लागि त्यस्तो संस्थाको देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) प्रचलित कानूनबमोजिम कृषि सेवा अन्तर्गतका विषयमा दर्ता भएको,

(ख) नियमानुसार नवीकरण भएको,

(ग) संस्थाको उद्देश्यअनुरुप कार्य गरेको,

(घ) दर्ता खारेजीमा नपरेको ।

११. **सदस्यताको समाप्ति** :

(१) देहायको अवस्थामा कुनै व्यक्ति वा संस्था महासंघको सदस्यको रुपमा वहाल रहनेछैन :-

(क) दफा १० बमोजिमको योग्यता नभएमा,

(ख) साधारणसभाको पचहत्तर प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) महासंघको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) विधान विपरीत वा महासंघले गर्न नहुने भनी तोकिदिएको कुनै कार्य गरेमा ।

(२) कुनै व्यक्ति वा संस्था महासंघको सदस्यमा बहाल रहन अयोग्य ठहराउनुभन्दा अघि महासंघले त्यस्तो व्यक्ति वा संस्थालाई सो कुराको पूर्व सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिनु पर्नेछ ।

१२. **<u>सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि</u> :**

(१) कुनै संस्था र त्यस्तो संस्थाको साधारण सदस्यले महासंघको संस्थागत सदस्यताको लागि दिनुपर्ने निवेदनको ढाँचा क्रमशः अनुसूची-२ र ३ बमोजिम हुनेछ ।

(२) कुनै निवेदकलाई महासंघको सदस्यता नदिने निर्णय भएमा सोको कारणसहितको जानकारी दिनु पर्नेछ ।

(३) महासंघको संस्थागत सदस्यता प्राप्त गर्न चाहने संस्थाले तिर्नुपर्ने वार्षिक शुल्क र नवीकरण शुल्कको दर अनुसूची-४ बमोजिम हुनेछ ।

(४) संस्थागत सदस्यता नवीकरणसम्बन्धी अन्य व्यवस्था कार्य समितिले तोकिदिएबमोजिम हुनेछ ।

## परिच्छेद - ४

## महासंघको साधारणसभा, कार्यसमिति तथा बैठकसम्बन्धी व्यवस्था

१३. **साधारणसभाको गठन** :

(१) दफा ९ को खण्ड (ग) बमोजिम सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेकका अन्य सदस्यहरुबाट महासंघको साधारणसभा गठन हुनेछ । मानार्थ सदस्यहरु सो सभामा आमन्त्रितको रुपमा उपस्थित हुन सक्नेछन् । साधारणसभा महासंघको सर्वोच्च अङ्ग हुनेछ ।

(२) साधारणसभाको बैठक देहायबमोजिम बस्नेछ :-

(क) **वार्षिक साधारणसभा** :

वार्षिक साधारणसभा वर्षको एकपटक बस्नेछ ।

(ख) **विशेष साधारणसभा** :

महासंघको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारणसभा माग गरेमा कार्यसमितिले बढीमा सात दिनभित्र विशेष साधारणसभा बोलाउनु पर्नेछ । तर साधारणसभा वा विशेष साधारणसभा बसेको ६ महिनाभित्र पुनः विशेष साधारणसभा बस्न सक्नेछैन ।

(३) यस विधान बमोजिमको महासंघको प्रथम वार्षिक साधारणसभा यो विधान दर्ता भएको मितिले दुई महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारणसभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

(४) वार्षिक साधारणसभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नका लागि कम्तिमा सात दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै संस्थागत सदस्यलाई सूचना दिनु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम बोलाईएको साधारणसभा वा विशेष साधारणसभामा दफा १५ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तिमा सात दिनको म्याद दिई पुनः साधारणसभा वा विशेष साधारणसभा बोलाउनु पर्नेछ ।

(६) साधारणसभा र विशेष साधारणसभाको निर्णय पुस्तिका छुट्टाछुट्टै राख्नु पर्नेछ ।

(७) विशेष परिस्थिति वा अवसरमा कार्य समितिले सूचना प्रकाशित गरी महासभाको बैठक बोलाउन सक्नेछ ।

१४. **साधारणसभाको काम, कर्तव्य र अधिकार** :

साधारणसभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) कार्य समितिले पेश गरेको योजना, कार्यक्रम र वार्षिक बजेटहरु पारित गर्ने,

(ख) वार्षिक लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने,

(ग) वार्षिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमितता तथा बेरुजु रकमहरुका सम्बन्धमा छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुलउपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने,

(घ) आगामी आर्थिक वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने,

(ङ) वार्षिक कार्य प्रगति विवरणको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने,

(च) कार्य समितिका पदाधिकारीहरुको निर्वाचन गर्ने,

(छ) कार्य समितिद्वारा पेश भएका विधान संशोधन सम्बन्धी मस्यौदा तथा विनियमहरु स्वीकृत गर्ने,

(ज) मानार्थ सदस्यता प्रदान गर्ने,

(झ) कार्य समितिबाट भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने,

(ञ) महासंघको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाका सम्बन्धमा आवश्यकताअनुरुप स्वीकृति प्रदान गर्ने,

(ट) कार्य समितिको कुनै सदस्यको आचरण खराब छ भनि २/३ (दुई तिहाई) बहुमत सदस्यहरुले प्रस्ताव पारित गरेमा न्यायिक विवेक प्रयोग गरी निजलाई आवश्यकता अनुसार निलम्बन गर्ने वा सदस्यबाट निष्काशित गर्न ।

१५. **साधारणसभाको गणपूरक संख्या** :

(१) कुल सदस्य संख्याको एकाउन्न प्रतिशत साधारण सदस्यहरुको उपस्थिति नभै साधारणसभा वा विशेष साधारणसभाको काम कारवाही संचालन हुनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनः बोलाईएको साधारणसभा वा विशेष साधारणसभामा कुल सदस्य संख्याको १/३ (एक तिहाई) सदस्य उपस्थित भएमा सभा संचालन गर्न बाधा पर्नेछैन ।

१६. **कार्य समितिको गठन** :

(१) साधारणसभाका सदस्यहरुबाट निर्वाचित देहायबमोजिमका पदाधिकारीहरु रहेको पन्ध्र सदस्यीय एक कार्य समिति गठन गरिनेछ :-

अध्यक्ष - एकजना,

उपाध्यक्ष - एकजना,

महासचिव - एकजना,

सचिव - एकजना,

कोषाध्यक्ष - एकजना,

सदस्यहरु - दशजना ।

(२) कार्य समितिको कार्यावधि तीन वर्षको हुनेछ ।

(३) वार्षिक साधारणसभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा कार्य समितिले बाँकी अवधिको लागि रिक्त पद पूर्तिको लागि निर्वाचन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्वाचित सदस्यको पदावधि जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी अवधिसम्मका लागि मात्र हुनेछ ।

(५) कार्य समितिको पदाधिकारीका लागि हुने निर्वाचनको मनोनयनपत्रको ढाँचा, मतदानपत्रको ढाँचा र कार्य समितिका निर्वाचित पदाधिकारीद्वारा गर्नुपर्ने शपथ ग्रहणको ढाँचा क्रमशः अनुसूची-५, ६ र ७ बमोजिम हुनेछन् ।

(६) कार्य समितिको बैठक आवश्यकताअनुसार अध्यक्षले बोलाउनेछ । तर, कार्य समितिको पदाधिकारीहरुको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यले बैठक बोलाउन माग गरेमा अध्यक्षले तुरुन्त कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

(७) कार्य समितिका पदाधिकारीहरुको कल सदस्य संख्याको एकाउन्न प्रतिशत पदाधिकारीहरुको उपस्थिति नभै कार्य समितिको बैठक बस्नेछैन ।

(८) कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्येको जेष्ठ सदस्यले कार्यकारी समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(९) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनु पर्नेछ ।

(१०) कार्य समितिको बैठकबाट भएको निर्णयको लागि एक छुट्टै निर्णय पुस्तिका रहनेछ । सो पुस्तिकामा उल्लेखित निर्णयमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले दस्तखत गर्नु पर्नेछ । त्यस्तो निर्णयमा असहमति जनाउने सदस्यले असहमति जनाई दस्तखत गर्नु पर्नेछ ।

(११) महासंघको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्ने कुनै कार्यका लागि कार्य समितिका सबै पदाधिकारीहरु लिखितरुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा उल्लेख गरी त्यस्तो सहमतिविना कुनै औपचारिक बैठकपनि सम्पन्न गर्न सकिनेछ । त्यस्तो सहमति कार्यसमितिको बैठकको निर्णयसरह मानिनेछ ।

१७. **कार्य समितिको काम, कर्तव्य र अधिकार** :

कार्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) महासंघको वार्षिक कार्यक्रम तथा अनुमानित वार्षिक बजेट बनाई साधारणसभामा प्रस्तुत गर्ने,

(ख) साधारणसभाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(घ) साधारणसभाप्रति उत्तरदायी रहने,

(ङ) महासंघको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग र परिचालन गर्ने,

(च) महासंघको कार्ययोजना बनाउने, स्रोत जुटाउने, योजनाको कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने,

(छ) महासंघको कोष र सम्पत्ति सुरक्षित तरीकाले राख्न लगाउनुका साथै बैंक खाता खोली सञ्चालन गर्ने,

(ज) महासंघको उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक विनियमावली बनाई लागू गर्ने, गराउने,

(झ) महासंघको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(ञ) महासंघको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार सल्लाहकार समिति र अन्य समिति तथा उपसमिति आदि गठन गरी आवश्यक कार्यको बाँडफाँड गर्ने,

१८. **पद त्याग गर्न सक्ने** :

अध्यक्षले उपाध्यक्षमार्फत कार्य समितिसमक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्षसमक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## परिच्छेद - ५

## कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१९. **अध्यक्षको काम, कर्तव्य र अधिकार** :

अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) समिति र सभाको बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

(ख) निर्णायक मत दिने,

(ग) महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) महासंघको नेतृत्व लिने,

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने,

(च) पदाधिकारी तथा सदस्यहरुको कामको बाँडफाँड गर्ने,

(छ) अभिलेख प्रमाणित गर्ने,

(ज) महासंघको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक कार्य गर्ने ।

२०. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार** :

उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अध्यक्षलाई आवश्यक सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने,

(ग) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने,

(घ) महासंघको उद्देश्य प्राप्तिका लागि अन्य आवश्यक कार्य गर्ने ।

२१. **महासचिवको काम, कर्तव्य र अधिकार** :

महासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) महासंघको सचिवालयको रेखदेख र सञ्चालन गर्ने,

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने,

(ग) अभिलेख सुरक्षित राख्ने,

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने,

(ङ) दैनिक प्रशासकीय कार्यको रेखदेख तथा नियन्त्रण गर्नुका साथै आवश्यक निर्देशन दिने तथा पत्राचार गर्ने ।

२२. **सचिवको काम, कर्तव्य र अधिकार** :

सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) महासचिवलाई सहयोग गर्ने,

(ख) महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने,

(ग) महासचिवको अनुपस्थितिमा निजको कार्य गर्ने,

(घ) महासचिवले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

२३. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार** :

(क) महासंघको कोषको रेखदेख र सञ्चालन गर्ने,

(ख) साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

(ग) लेखा दुरुस्त राख्ने,

(घ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने,

(ङ) महासंघको दर्ता नवीकरण गराउने,

(च) प्रचलित नेपाल कानूनबमोजिम निर्धारित ढाँचामा महासंघको हिसाब स्रेस्ता राख्ने ।

२४. **सदस्यहरुको काम, कर्तव्य र अधिकार** :

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

(ख) महासंघको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने,

(ग) कार्य समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

## परिच्छेद - ६

## आर्थिक व्यवस्था

**२५. महासंघको कोष :**

(१) महासंघको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिमको रकमहरु रहनेछन् :-

(क) सदस्यता वापत प्राप्त शुल्क,

(ख) स्वेच्छिक अनुदान वा सहायतारकम,

(ग) महासंघको चल, अचल सम्पत्तिको बिक्रीबाट प्राप्त रकम,

(घ) अन्तर्राष्ट्रिय तथा विदेशी महासंघ, संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोगरकम,

(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोगरकम,

(च) दाताहरुबाट प्राप्त चल अचल सम्पत्ति,

(छ) महासंघबाट संचालित वा सहभागी भएको विभिन्न सम्मेलन, गोष्ठी आदिबाट प्राप्त रकम,

(ज) महासंघले प्रदान गरेको परामर्श सेवावापत अन्तर्राष्ट्रिय, विदेशी तथा स्वदेशी महासंघ, संघ, संस्था, व्यक्ति वा नेपाल सरकार वा विदेशी सरकारबाट प्राप्त हुने रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) अन्तर्राष्ट्रिय तथा विदेशी महासंघ, संघ, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग वा अनुदान लिनुपूर्व महासंघले नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिनु पर्नेछ ।

**२६. खाता सञ्चालन :**

(१) महासंघको काषको रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

(२) अध्यक्ष वा महासचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट कोषको सञ्चालन हुनेछ ।

(३) खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था प्रचलित कानूनबमोजिम गरिनेछ ।

**२७. कोषको रकम खर्च गर्ने तरीका :**

(१) महासंघको वार्षिक बजेट, योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गर्न सकिनेछैन ।

(२) साधारणसभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्नु पर्नेछ ।

(३) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्यरुपले प्रस्तुत गर्नु पर्नेछ ।

(४) कार्य समितिले तोकिदिएबमोजिम कोषको रकम खर्च गर्नु पर्नेछ ।

**२८. महासंघको लेखा र लेखापरीक्षण :**

(१) महासंघको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) महासंघको लेखापरीक्षण प्रचलित कानूनबमोजिम दर्तावाला लेखापरीक्षकबाट हुनेछ ।

(३) लेखापरीक्षकको नियुक्ति साधारणसभाबाट हुनेछ ।

(४) महासंघको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति सम्बन्धित स्थानीय अधिकारी र जिल्ला विकास समिति, समाजकल्याण परिषद् र अन्य सम्बन्धित निकायमा पठाइनेछ ।

## परिच्छेद - ७

## निर्वाचन र अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्था

२९. **निर्वाचनसम्बन्धी व्यवस्था :**

(१) कार्य समितिको पदाधिकारीको निर्वाचन प्रयोजनको लागि कार्य समितिद्वारा बढीमा तीन सदस्यीय एक निर्वाचन समितिको गठन गरिनेछ ।

(२) महासंघका मानार्थ सदस्य बाहेकका सदस्यहरुले कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्यहरुको पदको लागि निर्वाचनमा उम्मेदवार हुन तथा मतदान गर्न पाउनेछन् ।

(३) निर्वाचन सम्बन्धी कुनै विवादका सम्बन्धमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(४) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

(५) निर्वाचनसम्बन्धी अन्य व्यवस्था कार्यसमितिले तोकिदिएबमोजिम हुनेछ ।

३०. **उम्मेदवारको योग्यता :**

कार्य समितिको उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) मानार्थ सदस्य बाहेकको सदस्य भएको,

(ख) संस्थागत सदस्यता प्राप्त गरेको कम्तिमा एकवर्ष पूरा गरेको,

(ग) अध्यक्ष पदको लागि उम्मेदवार हुन कम्तिमा एकपटक कार्य समितिको सदस्य भईसकेको,

(घ) निर्वाचन समितिको सदस्य नभएको ।

३१. **अविश्वासको प्रस्ताव :**

(१) कार्य समितिको कुनै पदाधिकारीविरुद्ध साधारणसभा सदस्यहरुमध्येका कम्तिमा १/४ (एक चौथाई) सदस्यहरु लिखितरुपमा देहायबमोजिमको विवरण खुलाई महासंघमा अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् :-

(क) शिष्ट शब्दको प्रयोग गरी नेपाली भाषामा अविश्वासको प्रस्ताव लेखिएको हुनु पर्नेछ,

(ख) आरोप स्पष्ट रुपले किटान गरेको हुनु पर्नेछ,

(ग) अविश्वासको प्रस्ताव दर्ता गर्ने साधारण सदस्यहरुको नाम, थर, ठेगाना र दस्तखत स्पष्टरुपमा खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम महासंघमा दर्ता भएको अविश्वासको प्रस्तावको सम्बन्धमा साधारणसभा वा विशेष साधारणसभा बस्ने स्थान, मिति र समयसमेत तोकी महासंघको साधारणसभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई दफा १३ को उपदफा (४) बमोजिम साधारणसभा वा विशेष साधारणसभा बस्ने सूचना दिनु पर्नेछ ।

३२. **अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया** :

(१) साधारणसभा वा विशेष साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले सो सभामा अविश्वासको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र त्यस्तो प्रस्ताव पेश गर्ने सदस्यहरुमध्येको एकजना प्रतिनिधि सदस्यले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारणसहितको आफ्नो अभिमत सभासमक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(२) अविश्वासको प्रस्तावको प्रस्तावक पक्षको सदस्यले उपदफा (१) बमोजिम आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावको पक्ष वा विपक्षमा मत प्रकट गर्न चाहने बढीमा अन्य तीनजना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्ने अनुमति दिन सक्नेछ ।

(३) सभामा अध्यक्षता गर्ने व्यक्तिले जुन पदाधिकारीविरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गरिएको हो, त्यो पदाधिकारीलाई निजमाथि लागेको आरोपको सम्बन्धमा निजको भनाई राख्ने अवसर दिनु पर्नेछ ।

३३. **अविश्वासको प्रस्तावमाथि निर्णय** :

(१) सम्बन्धित पदाधिकारीले अविश्वासको प्रस्तावउपर निजको भनाई प्रस्तुत गरिसकेपछि सभाको अध्यक्षता गर्ने व्यक्तिले अविश्वासको प्रस्तावक सदस्यहरुको प्रतिनिधि सदस्यलाई निजबाट प्रस्तुत भएको अविश्वासको प्रस्ताव फिर्ता लिने वा नलिने सम्बन्धमा सोधनी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधनी गर्दा अविश्वासको प्रस्तावक सदस्यहरुको प्रतिनिधि सदस्यले उक्त प्रस्ताव फिर्ता लिएको घोषणा गरेमा सभाको अध्यक्षता गर्ने व्यक्तिले त्यस्तो अविश्वासको प्रस्ताव स्वतः रद्द भएको घोषणा गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सोधनी गर्दा अविश्वासको प्रस्तावक सदस्यहरुको प्रतिनिधि सदस्यले उक्त प्रस्ताव फिर्ता नलिएको घोषणा गरेमा सभाको अध्यक्षता गर्ने व्यक्तिले देहायबमोजिमको तरीकामध्ये कुनै एक तरीका अपनाई उक्त प्रस्तावका सम्बन्धमा भएको निर्णयको घोषणा गर्नु पर्नेछ :-

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्नेजति सदस्यलाई एक समूहमा र विपक्षमा मत प्रकट गर्नेजति सदस्यलाई अर्को समूहमा छुट्याएर, वा,

(ख) सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(४) साधारणसभाको कुल सदस्य संख्याको कम्तिमा २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित भएमा प्रस्तावित व्यक्ति पदमुक्त हुनेछ ।

(५) निर्वाचित भएको ६ महिना नपुगी वा एकपटकको अविश्वासको प्रस्ताव विफल भएको ६ महिना पूरा नभई त्यस्तो व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईनेछैन ।

## परिच्छेद - ८

## विविध

**३४. गोप्यता भंग गर्न नहुने :**

यस महासंघका कुनैपनि पदाधिकारी वा सदस्यले महासंघको अहित हुनेगरी गोप्यता भंग हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारणसभाका सदस्यहरुले बैठक वा साधारणसभामा असभ्य वा अश्लिल शब्दको प्रयोग गर्न पाईनेछैन ।

**३५. विदेशी सल्लाहकार वा स्वयंसेवकसम्बन्धी व्यवस्था :**

(१) महासंघको कार्य सूचारुरुपले संचालन गर्न विदेशी सल्लाहकार वा स्वयंसेवक राख्नु परेमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सल्लाहकार वा स्वयंसेवकले महासंघमा रही काम गर्ने अवधि, निजले पुऱ्याउने सेवाको प्रकृति, निजको कामको औचित्य, निजलाई प्रदान गर्नुपर्ने पारिश्रमिक तथा सुविधा एवं निजको योग्यतासमेतको विवरण खुलाई सम्बन्धित स्थानीय अधिकारी तथा जिल्ला विकास समिति, समाजकल्याण परिषद् र अन्य सम्बन्धित निकायमा समेत जानकारी गराउनु पर्नेछ ।

**३६. विनियम, नीति, निर्देशिका, मापदण्ड, संहिता र कार्यविधि आदि बनाउने अधिकार :**

(१) यो विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि कार्य समितिले आवश्यक विनियम, नीति, निर्देशिका, मापदण्ड, संहिता र कार्यविधि आदि बनाई लागू गर्न सक्नेछ । यस्तो विनियम, नीति, निर्देशिका, मापदण्ड, संहिता र कार्यविधि आदिको जानकारी सम्बन्धित निकायमा दिनु पर्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपारी ती विनियम, नीति, निर्देशिका, मापदण्ड, संहिता र कार्यविधि आदिले देहायका कुराहरुमा व्यवस्था गर्न सक्नेछन् :-

(क) कर्मचारी प्रशासनसम्बन्धी व्यवस्था,

(ख) आर्थिक प्रशासनसम्बन्धी व्यवस्था,

(ग) सदस्य तथा पदाधिकारीहरुको आचरण,

(घ) सदस्य तथा पदाधिकारीहरुको निर्वाचन प्रक्रिया,

(ङ) महासंघको सदस्यता प्राप्तीको लागि आवश्यक न्यूनतम मापदण्ड,

(च) महासंघको संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि ।

(३) उपदफा (१) बमोजिमको विनियम, नीति, निर्देशिका, मापदण्ड, संहिता र कार्यविधि आदि संस्था दर्ता ऐन, २०३४, संस्था दर्ता नियमावली, २०३४, प्रचलित कानून र विधान विपरीत हुनु हुँदैन ।

३७. **विधान संशोधन** :

साधारणसभामा उपस्थित कुल सदस्य संख्याको २/३ (दुई तिहाई) सदस्यहरुले अनुमोदन गरेपश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेजीको लागि सम्बन्धित स्थानीय अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ । सम्बन्धित स्थानीय अधिकारीबाट त्यस्तो दफा संशोधन वा खारेजी सम्बन्धमा स्वीकृत भएपश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

३८. **बाधा अड्काउ फुकाउने अधिकार** :

यो विधानको प्रयोग गर्दा अप्रत्याशितरुपमा कुनै बाधा अड्काउ पर्न गएमा त्यसरी परेको बाधा अड्काउ फुकाउने अधिकार संस्था दर्ता ऐन, २०३४, संस्था दर्ता नियमावली, २०३४ र प्रचलित कानूनको अधीनमा रही कार्य समितिलाई हुनेछ ।

३९. **व्याख्या** :

संस्था दर्ता ऐन, २०३४, संस्था दर्ता नियमावली, २०३४, प्रचलित कानूनको अधीनमा रही यो विधान र विधानअन्तर्गत बनेको विनियम, नीति, निर्देशिका, मापदण्ड, संहिता र कार्यविधि आदिको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

४०. **महासंघको खारेजी** :

(१) साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी महासंघलाई खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम महासंघ खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको कामको लागि एक वा एकभन्दा बढी लिक्विडेटर वा लेखापरीक्षक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर वा लेखापरीक्षकहरुको पारिश्रमिक साधारणसभाले तोकिदिएबमोजिम हुनेछ ।

४१. **अनुसूची थपघट र संशोधन गर्ने अधिकार** :

यो विधानको अनुसूचीमा समयसमयमा आवश्यक थप, घट र संशोधन गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

४२. **खारेजी र बचाउ** :

(१) नेपाल कृषि महासंघको विधान (पहिलो संशोधनसहित), २०६३ खारेज गरिएको छ ।

(२) यो विधान प्रारम्भ हुनुपूर्व उपदफा (१) बमोजिमको विधानबमोजिम भए गरेका कामकारवाही यसै विधानबमोजिम भए गरेको मानिनेछ ।

४३.  **<u>रुपान्तर</u>** :

यो विधान प्रारम्भ हुनुपूर्व नेपाल कृषि महासंघको विधान (पहिलो संशोधन सहित), २०६३ बमोजिमका साधारण सदस्यहरु यस विधानबमोजिमको संस्थागत सदस्यमा रुपान्तर भई स्वतः वहाल भएको मानिनेछन् ।

## अनुसूची-१

**(दफा ६ सँग सम्बन्धित)**

**संस्थाको छाप**

१. एक इन्च व्यासको गोलाकार वृत्तकोभित्र माझको दुई डाँडाको बीचमा सूर्योदय तथा त्यसको सिरानमा बि.सं.२०६३ पुच्छारमा सन् २००५ र काल्पनिक व्यास रेखामुनी नेपाल र सोमुनि Nepal एवं त्यस वृत्तबाहिर सवाईन्च व्यासको अर्को गोलाकार वृत्तको वीचमा माथि “नेपाल कृषि महासंघ” तथा तल "NEPAL ARICULTURE FEDERATION" लेखिएको देहायको नमूनाबमोजिमको संस्थाको छाप हुनेछ ।

२. संस्थाको छापलाई प्रतीक चिन्ह (लोगो) को रुपमा प्रयोग गरिनेछ ।

३. लोगोलाई आवश्यकता अनुसार ठूलो वा सानो गर्न सकिनेछ ।

## अनुसूची-२

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**संस्थाले नेपाल कृषि महासंघको संस्थागत सदस्यता प्राप्त गर्दा दिनुपर्ने निवेदनको ढाँचा**

श्रीमान् अध्यक्षज्यू,
नेपाल कृषि महासंघ,
काठमाडौं, नेपाल ।

तल उल्लेख गरेबमोजिमको विवरण भएको यो संस्था (नाम) ........................... नेपाल कृषि महासंघको नियमानुसार संस्थागत सदस्यता प्राप्त गर्न निवेदन गर्दछु । यस महासंघको विधान अनुसार महासंघको हित हुने कार्यमा यो संस्था र यसका सदस्यहरु सबै प्रतिवद्धता रहने वचनवद्धता गर्दै यो निवेदन पेश गरेका छौं ।

निवेदक

-.-.-.-.-.-.-.-.-.-.-.-.-.-.-.-

अध्यक्ष/उपाध्यक्ष/महासचिव
संस्थाको नाम :
संस्था दर्ता मिति :
कार्यकारी समिति सदस्य सख्या :
साधारण सदस्य संख्या :
संस्था रहेको ठेगाना :
पत्राचार गर्ने ठेगाना :

द्रष्टव्यः महासंघको सदस्यता लिन कार्य समितिको निर्णय यसै निवेदनसाथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

अनुसूची-३

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

संस्थाको साधारण सदस्यहरुले महासंघको संस्थागत सदस्यताको लागि दिनुपर्ने निवेदनको ढाँचा

| |
|---|
| सदस्यताको लागि हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साईजको फोटो टाँसी दरखास्त गर्नु पर्नेछ। |

श्रीमान् अध्यक्षज्यू,

नेपाल कृषि महासंघ,

काठमाडौं, नेपाल ।

विषयः संस्थागत सदस्यताको लागि निवेदन ।

म विशुद्ध सामाजिक कार्य गर्न इच्छुक भएको र यस महासंघको विधान मैले बिनाशर्त स्वीकार गरेकोले पासपार्ट साईजको फोटो यसैमा टाँसी नेपाली नागरिकताको प्रमाणपत्र र म साधारण सदस्य रहेको जनिने संस्थाको सदस्यताको प्रतिलिपी यसैसाथ संलग्न गरी संस्थागत सदस्य भई महासंघको हित र प्रगतिमा दत्तचित्त भई कार्य गर्ने इच्छा भएकोले मलाई यस महासंघको संस्थागत सदस्यता प्रदान गर्नका लागि निवेदन गर्दछु ।

मलाई यस महासंघको संस्थागत सदस्यता उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

भवदीय,

दस्तखत :

नाम, थर :

ठेगाना :

मिति :

अनुसूची-४

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

<u>शुल्क</u>

१. संस्थाको लागि : प्रतिवर्ष रु.५,०००।-

<u>द्रष्टव्य</u> : महासंघको संस्थागत सदस्यता प्राप्त गर्ने संस्थाले महासंघको आ-आफ्नो सदस्यता प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र नवीकरण गराइसक्नु पर्नेछ । सो अवधि व्यतित भएपश्चात् कार्य समितिले समयसमयमा निर्धारण गरेबमोजिमको थप शुल्क बुझाई सदस्यता नवीकरण गर्न सकिनेछ ।

अनुसूची-५

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

<u>नेपाल कृषि महासंघको कार्य समितिको पदाधिकारीहरुको निर्वाचनको लागि मनोनयनपत्रको ढाँचा</u>

नेपाल कृषि महासंघको कार्य समितिको निर्वाचनमा ...................... पदको लागि म श्रीमान्/श्रीमती/सुश्री/डा. ........................... को नाम प्रस्ताव गर्दछु ।

| | |
|---|---|
| उम्मेदवारको सही : | प्रस्तावकको नाम : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |

| | |
|---|---|
| १. समर्थकको सही : | २. समर्थकको सही : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |

**<u>द्रष्टव्य</u>** :

१. मनोनयनपत्र नेपाली भाषामा भरिनु पर्दछ र विधानमा उल्लेखित पदको नाम नै लेखिनु पर्दछ ।

२. कुनै साधारण सदस्यले एक पदको लागि एक व्यक्तिलाई मात्र प्रस्ताव वा समर्थन गर्न सक्नेछ ।

अनुसूची -६

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

नेपाल कृषि महासंघको कार्य समितिको पदाधिकारीहरुको लागि हुने निर्वाचनको मतदानपत्रको ढाँचा

| पद | सि.नं. | उम्मेदवारको नाम | ( ) | मत दिने खण्ड |
|---|---|---|---|---|
| अध्यक्ष | १ | | ( ) | |
| | २ | | ( ) | |
| | ३ | | ( ) | |
| उपाध्यक्ष | १ | | ( ) | |
| | २ | | ( ) | |
| | ३ | | ( ) | |
| महासचिव | १ | | ( ) | |
| | २ | | ( ) | |
| | ३ | | ( ) | |
| सचिव | १ | | ( ) | |
| | २ | | ( ) | |
| | ३ | | ( ) | |
| कोषाध्यक्ष | १ | | ( ) | |
| | २ | | ( ) | |
| | ३ | | ( ) | |
| सदस्य | १ | | ( ) | |
| | २ | | ( ) | |
| | ३ | | ( ) | |
| | ४ | | ( ) | |
| | ५ | | ( ) | |
| | ६ | | ( ) | |
| | ७ | | ( ) | |
| | ८ | | ( ) | |
| | ९ | | ( ) | |
| | १० | | ( ) | |

अनुसूची-७

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

नेपाल कृषि महासंघको कार्यकारी समितिमा निर्वाचित पदाधिकारीहरुले भर्नुपर्ने शपथग्रहणको ढाँचा

म ........................ ले नेपाल कृषि महासंघको कार्य समितिको ..................... पदमा महासंघको विधानअन्तर्गत रही आफ्नो पदको अभिभारा पाए अनुसार आफ्नो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म नेपाल कृषि महासंघको विकास तथा प्रवर्द्धनको लागि प्रयत्नशील रहनेछु भनी शपथग्रहण गर्दछु ।

| | |
|---|---|
| निर्वाचन अधिकारीको सही : | पदाधिकारीको सही : |
| नाम : | नाम : |
| मिति : | पद : |
| | मिति : |

**मस्यौदा कार्यदल :**

| | | | |
|---|---|---|---|
| १. | श्री गणेश कुमार के.सी. | - | संयोजक |
| २. | डा. श्री ब्रज किशोर प्रसाद शाहा | - | सदस्य |
| ३. | श्री भैरवराज कैनी | - | सदस्य |
| ४. | श्रीमती नैना ढकाल | - | सदस्य |
| ५. | श्री सुशील कोइराला | - | कानूनी सल्लाहकार |
| ६. | श्री यमप्रसाद तिवारी | - | कम्प्युटर सहयोगी |